लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.
LUMBINI GENERAL INSURANCE COMPANY LTD.
Head Office: PO Box No. 23100, Gyaneshwor, Kathmandu, Nepal, Toll Free No. 1660 01 07070
Phone: 01-4512004, 4511707, 4533214, Fax: 01-4511692, Email: info@lgic.com.np

ISO 9001:2015 Certified Company

# प्रेस विज्ञप्ती

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. र सगरमाथा इन्स्योरेन्स कम्पनी लि. का बीच आज मिति २०७९/१०/१७ गते मंगलवार होटल न्याडिसन, लाजिम्पाट, काठमाडौमा एक कार्यक्रम आयोजना गरी दुबै कम्पनीहरू एक आपसमा गाभ्ने तथा गाभिने सम्बन्धमा अन्तिम सम्फौता सम्पन्न भयो । सम्फौतामा लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. का तर्फबाट अध्यक्ष श्री मनोहर दास मुल र सगरमाथा इन्स्योरेन्स कम्पनी लि. का तर्फबाट अध्यक्ष श्री रामकृष्ण मानन्धरले हस्ताक्षर गर्नु भयो । उक्त कार्यक्रममा दुबै कम्पनीका सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृतहरू लगायतका पदाधिकारीहरू समेतको उपस्थिति रहेको थियो ।

उक्त सम्फौता अनुसार दुवै कम्पनी एक आपसमा गाभिए पश्चात बन्ने कम्पनीको नाम **सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड** रहने सहमती भएको छ । मर्जर सम्बन्धी बिशेष प्रस्ताव दुवै कम्पनीको आगामी हुने साधारण सभामा लगिनेछ । त्यसै गरी दुवै कम्पनीका बीचमा भएको प्रारम्भिक सहमती एवं DDA Report समेतका आधारमा सगरमाथा इन्स्योरेन्स कम्पनी लि. र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. को शेयर आदान प्रदान अनुपात (Swap Ratio) क्रमश १०० : ८० कायम रहनेछ ।

साथै दुवै कम्पनीको आ.ब. २०७८/०७९ को वित्तीय विवरण अनुसार प्रस्तावित बोनस शेयर वितरण पश्चात Swap Ratio गणना गरी मर्जर पश्चात कायम हुने कम्पनीको चुक्ता पूंजी रू.२,६२,२६,३८,१९५/– कायम रहनेछ । त्यसैगरी, मर्जर पश्चात बन्ने कम्पनी सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि. को सञ्चालक समितिमा दुवै कम्पनीको तर्फबाट ३/३ जना र एक जना स्वतन्त्र सञ्चालक रहने छन् भने सञ्चालक समितिको अध्यक्षमा लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. का तर्फबाट र प्रमुख कार्यकारी अधिकृतमा सगरमाथा इन्स्योरेन्स कम्पनी लि. का तर्फबाट हाल रहनु भएका प्रमुख कार्यकारी अधिकृत श्री चंकी क्षेत्री रहने व्यवस्था गरिएको छ ।

LUMBINI GENERAL INSURANCE COMPANY LTD.
लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.

देवेन्द्र कोइराला
कम्पनी सचिव
मितिः २०७९/१०/१७